"गाउँ-शहरमा आम सञ्चार, चेतना र प्रेरणाको शुभ समाचार" ख वर्गको पत्रिका

# गुड न्यूज

Good News National Weekly राष्ट्रिय साप्ताहिक

यो स्थान विज्ञापनका लागि खाली छ । सम्पर्कका लागि मो.नं. :- ९८४८०२०८४२

वर्ष १४, अंक - ३९ | २०७८ फागुन १६ गते सोमबार देखि फागुन २२ गते आइतवार सम्म (Good News National Weekly, Feb. 28 - Mar. 06, 2022) | मुल्य रु. ५/-

### मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) कम्प्याक्ट

# ब्याख्यात्मक घोषणा सहित एमसीसी पारित

*गुड न्यूज संवाददाता*
*नेपालगन्ज*

अमेरिकी अनुदान मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) प्रतिपक्षी दलको विरोध प्रदर्शन र सत्तापक्ष दलकै केही नेताको आपत्तिबीच संसदले बहुमतबाट अनुमोदन गरेको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा अर्थमन्त्री जनार्दन शर्मा "प्रभाकर" ले पेश गरेको एमसीसी सम्झौता र सम्झौतामाथिको १२ बुँदे ब्याख्यात्मक घोषणालाई सभामुख अग्नी सापकोटाले ध्वनी मतका आधारमा बहुमतका साथ पारित भएको घोषणा गरेका थिए ।



*एमालेको विरोध प्रदर्शनबीच प्रतिनिधिसभाको बैठकबाट एमसीसी अनुमोदन गरिँदै । फोटो : इन्टरनेटबाट*

एमाले सांसद भीम रावल, नेमकिपाका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाकी सांसद दुर्गा पौडेलले मात्र एमसीसीका विपक्षमा मतदान गरेका थिए। सांसद रावलले एमसीसी पारित गर्ने सरकार इतिहासमा राष्ट्रघाती हुने र समर्थन गर्ने गद्दार हुने भन्दै नेताहरुको सत्ता स्वार्थसँग एमसीसी सम्झौता साँट्न खोजेको आरोप लगाएका थिए । रावल बाहेकका एमालेका अन्य सांसदहरु भने मतदान मा सहभागी नभएर वेल अगाडि उभिएर विरोध प्रदर्शनमा उत्रिएका थिए । एमसीसी अनुमोदन हुँदै गर्दा पनि उनिहरू सदनमा नाराबाजी गरिरहेका थिए। सत्तामा रहेर पनि विगतमा एमसीसीको चर्को विरोध गर्ने नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीका सांसदले १२ बुँदे ब्याख्यात्मक घोषणापछि सम्झौता अनुमोदनको पक्षमा ताली बजाएका थिए। प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बिहान बसेको सत्तारुढ गठबन्धनको बैठकले व्याख्यात्मक घोषणासहित सम्झौता अनुमोदन गर्ने निर्णय गरेको थियो ।

प्रतिनिधिसभाबाट अनुमोदन हुनुअघि संसद भवन परिसरमै डाकिएको मन्त्री–परिषद् बैठकले एमसीसीबारे १२ बुँदे ब्याख्यात्मक घोषणा स्वीकृत गरेको थियो । एमसीसी अनुमोदन गर्दा संसद्ले नेपाल, अमेरिकाको कुनै पनि सैन्य गठबन्धनमा सामेल नहुने, एमसीसी इन्डो प्यासिफिक रणनीतिको अंग नभएको, त्यसलाई विशुद्ध आर्थिक तथा विकास परियोजनाको रूपमा मात्रै लिने र नेपालकै संविधान सर्वोपरि हुने विषय व्याख्यात्मक टिप्पणीमा उल्लेख छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" को खुमलटारस्थित निवासमा बसेको केन्द्रको बैठकले व्याख्यात्मक टिप्पणीसहित एमसीसी अनुमोदन गर्ने निर्णय गरेको थियो । यद्यपि यो निर्णयमा नारायणकाजी श्रेष्ठ लगायतका केही नेताले आपत्ति जनाएका थिए ।

माओवादी जस्तै एकीकृत समाजवादी पनि व्याख्यात्मक टिप्पणीमा राजि बनेको थियो । सत्ता साझेदार दलबीच प्रतिनिधिसभा बैठकमा एमसीसी सम्झौतामाथि सैद्धान्तिक छलफल

(बाँकी पृष्ठ ४ मा)



गुड न्यूज राष्ट्रिय साप्ताहिकका लागि प्रकाशक/प्रधान-सम्पादक
डक्ट प्रसाद धिताल
मुख्य सम्बाददाता : तिलक ब. नेपाली
कानूनी सल्लाहकार : नरेन्द्रनाथ योगी
संरक्षक : सुशिला बसेल
सल्लाहकार : पा. के. बी. बसेल
कार्यालय : नेपालगञ्ज उपमहानगरपालिका-१०, गोसाईगाउँ, बाँके
फोन नं. : ०८१-५२६९९५, ९८४८०२०८४२
पोष्ट बक्स नं. : ४७
ईमेल :- goodnews_paper20@yahoo.com
goodnews.nepal@gmail.com
मुद्रक ::सुभाष प्रिन्टिङ्ग प्रेस, नेपालगञ्ज-११,
त्रिभुवनचौक, बाँके
(फोन:- ०८१-५२४३७०, ९८४४८८९९९९)

# सम्पादकीय

## संसदबाट एमसीसी अनुमोदन भएपछि उद्देश्य अनुरुप देशको विकास गर्न सबै एकजुट हुनुपर्छ

नेपालको पूर्वाधार विकासका लागि अमेरिकी सहयोगमा सन्चालनमा आउने एमसीसी परियोजना केही विषयमा विवादित बनेता पनि अन्ततः संसदबाट अनुमोदन भएको छ। अमेरिकी अनुदान ६० अर्ब र नेपाल सरकारले आफ्नो तर्फबाट १५ अर्ब खर्च लगाउनु पर्ने पाँच वर्षिय एमसीसी परियोजनाको कुल बजेट ७५ अर्ब हुन आएको छ। नेपालको पूर्वाधार विकासमा परियोजना लागु भएको पाँच वर्षमा अमेरिकाले ६० अर्ब रुपैयाँ अनुदान दिने र नेपाल सरकारले १५ अर्ब रुपैयाँ खर्च गर्नुपर्नेगरी सम्झौता भएको सो एमसीसी परियोजनाको अधिकांश अनुदान अर्थात् झन्डै ४५ अर्ब रुपैयाँ विद्युत्को अन्तरदेशीय प्रसारण लाइन निर्माणमा खर्च हुने र बाँकी रकम सडक मर्मत र अन्य विषयमा खर्च हुने परियोजनामा उल्लेख गरिएको छ।

विकासका बारेमा राम्रै बर्णन गरिएता पनि परियोजनाका बहानामा नेपालमा पछि गएर कतै अमेरिकी हस्तक्षेप हावी हुने होकी भनी नागरिकहरुमा उत्पन्न शंका–उपशंका तथा विवादलाई सुल्झाउन नेपाल सरकारले अमेरिकी अनुदान सम्झौता एमसीसीमा १२ बुँदे व्याख्यात्मक घोषणा संसदमा पेश गरेर उक्त एमसीसी परियोजना अनुमोदन गरिसकेको छ।

संसदमा अर्थमन्त्री जनार्दन शर्माले क्रमशः १. कम्प्याक्टको पक्ष भएका कारण नेपाल अमेरिकाको इण्डो प्यासिफिक स्ट्राटेजीलगायत कुनै पनि सामरिक सैन्य वा सुरक्षा गठबन्धनमा आवद्ध भएको नमानिने, २. देशको मूल कानुनको रूपमा रहेको नेपालको संविधान कम्प्याक्ट र कम्प्याक्टसंग सम्बन्धित अन्य सम्झौताहरूभन्दा माथि रहेको, ३. कम्प्याक्टको दफा २.७, दफा ५.१ (ख) ३, दफा ५.१ ख ४ को कम्प्याक्टका ती दफाहरूको उद्देश्य एमसीसी अनुदान तथा परियोजनाको सम्पत्ति उपयोगका सन्दर्भमा मात्र लागु हुन्छ भन्ने बुझाइ नेपालको रहेको छ र ती प्रावधानले एमसीसीको अनुदानको प्रयोगबाहेक अन्य कुनै पनि उद्देश्यका लागि हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानुन वा नीतिहरूको पालना गर्न नेपाल बाध्य नहुने, ४. कम्प्याक्टको दफा ३.२ (ख) का सम्बन्धमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसीए नेपाल) ले सञ्चालन गर्ने क्रियाकलाप नेपालको कानुनद्वारा निर्देशित र कम्प्याक्ट अनुसार नियमित हुने, ५. कम्प्याक्टको दफा ३.२ (च) को सम्बन्धमा कम्प्याक्टको उपयोगबाट श्रृजना हुने बौद्धिक सम्पत्तिमाथि एमसीसीको स्वामित्व रहने छैन। कम्प्याक्ट कार्यक्रम अन्तर्गत सिर्जना हुने सम्पूर्ण बौद्धिक सम्पत्ति उपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपयोग नेपालले गर्न पाउने, ६. कम्प्याक्टको दफा ३.५ को सम्बन्धमा कार्यान्वयन पत्रहरू कम्प्याक्टको दायराभित्र लागु गरिने, ७. कम्प्याक्टको दफा ३.८ (क) को सम्बन्धमा एमसीए नेपालका सबै क्रियाकलाप तथा कोषको लेखा परीक्षण प्रचलित नेपाल कानुनबमोजिम महालेखा परीक्षकबाट हुने, ८. कम्प्याक्टको दफा ५.१ (क) को सम्बन्धमा नेपालले ३० दिनको लिखित पूर्वसूचना दिई बिना कुनै कारण कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकारका अतिरिक्त कम्प्याक्ट अन्तर्गतका क्रियाकलाप वा कार्यक्रम सञ्चालन गर्दा नेपालको कानुन वा नीतिको उल्लंघन गरेकोमा समेत ३० दिनको पूर्वसूचना दिई कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकार राख्ने, ९. कम्प्याक्टको दफा ५.५ को सम्बन्धमा कम्प्याक्टको समाप्ति, निलम्बन वा अन्त्यपश्चात् पनि लागु हुने भनिएका प्रावधानहरू कम्प्याक्ट कार्यक्रम र एमसीसी अनुदानको उपयोग लगायत कम्प्याक्ट अन्तर्गतका परियोजनाहरूको मूल्यांकन, लेखा परीक्षण र करको फरफारकको हदसम्म मात्र सान्दर्भिक हुने, १०. कम्प्याक्टको दफा ७.१ को सम्बन्धमा कम्प्याक्ट अन्तर्गतका कार्यक्रमको कार्यान्वयन कम्प्याक्ट तथा नेपालको प्रचलित राष्ट्रिय कानुन बमोजिम हुनेछ भनी घोषणा गर्दछ। ११. कम्प्याक्टको दफा ८.१ को सम्बन्धमा विद्युत् प्रसारण परियोजना लगायतका सबै चल तथा अचल सम्पत्ति र परियोजनासंग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहने र १२. कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगका बारेमा मिलेनियम च्यालेञ्ज कर्पोरेसनबाट २०७८ भदौ २३ मा नेपालले प्राप्त गरेको स्पष्टीकरणले कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मद्दत गर्ने बुझाइ नेपालको रहेको भनी सरकारका तर्फबाट १२ बुँदाहरु ब्याख्यात्मक रुपमा घोषणा गरेका छन्।

यसरी १२ बुँदे घोषणा सहित एमसीसी परियोजना संसदबाट अनुमोदन भइसकेपछि परियोजनाको उद्देश्य अनुरुप देशको पूर्वाधार विकासका लागि परियोजनालाई प्रभावकारीरुपमा कार्यान्वयन गरी परिणाममुखी बनाउन सबै सरोकारवालाहरु एकजुट हुन नितान्त आवश्यक छ।

## विचार/धारणा

# भित्र–भित्र गलिजा, बाहिर–बाहिर भलिजा



भीम बहादुर शाही (अधिवक्ता) नेपालगन्ज, बाँके

नेपाल जस्तो सानो देशमा जनताको पसिनाको कर खाएर बाँचेका ठूला–ठूला आशा–इच्छा राखेका नेताहरुका कारण आजको अवस्था नाजुक देखा परेको छ।

यस्तै अवस्था अँझै केहि दिन रहि–रहने हो भने नेताहरुलाई केही समय फाइदा भएपनि देशको लागि ठूलो घाटा हुन जानेछ। विवेक भएका नेताहरु नेपालमा नभएका होइनन्। जो देशका लागि सधैं भरी चिन्तित रहन्छन्। त्यस्ता देशभक्त नेताहरु विदेशी छिमेकी राष्ट्रहरुसंग झुक्न जान चाहँदैनन्। त्यसैले उनिहरु कहिल्यै पनि नेपालको राजनीतिमा लागेर माथिल्लो पदमा पुग्न सक्ने वातावरण पनि मिल्न सकेको देखिँदैन।

राणा शासनमा पनि जङ्ग बहादुर जस्ता पटमूर्खलाई ब्रिटिस सरकारले टपक्क टिपेर नेपालको शासन सत्ता कब्जा गर्न लगाएर १०४ बर्ष सम्म एकलौटी जहानिया राणा शासन कायम गर्न लगाएर नेपालका सोझा–सिधा जनतालाई राणा शासनको विरोध गर्नमा रोक लगाएर सत्ता–धारीलाइ नै श्री ३ को उपाधि दिलाएर शिरमा कलकीधारी श्रीपेच लगाएर राजाकै सरहको ठसकमा बस्न लगाइयो।

नेपाली जनतालाई सेवकको दर्जामा राखियो। बि.सं. २००७ सालमा आएर भारतको चाहना अनुसार राजा र प्रजालाई राणा शासनको विरोधमा उचालेर पन्चायती ब्यवस्था लागू गरेर ३० वर्षसम्म नाममात्रको राजतन्त्र र प्रजातन्त्र नामको ब्यवस्था नेपाली जनतामाथि जबर्जस्ती लागू गरियो।

*"नेताहरुलाई चाहिने सुविधाका लागि चाहिएका सवारी साधन, कम्प्युटर अन्य साधनहरु सम्पन्न गराउनलाई मात्र नेताहरु चिन्तित एमसीसी जस्तो विदेशी परियोजना आएमा केहि दिनलाई राहत हुन सक्छकी भन्ने आशाले सबै दलका नेताहरुले चाहेका भएपनि नेपाली जनताहरुले गरेको विरोधका डरले मुखले विरोध गरेजस्तो गरेपनि मनमनमा सबैले "भित्र–भित्र गलिजा, बाहिर–बाहिर भलिजा" भन्ने उखान झैं देशभित्र–भित्र जता गएपनि जाला, बाहिर भने देशभक्त जस्ता बनेर देशमा सो रकम आएमा देशमा सबै विकास हुन्छ, देशवासी सुखी हुन्छन् भनेर भाषण गर्दै हिँड्न कर लागेझैं गरेका छन्।"*

त्यो शासनकालमा पनि जनताले सुखको स्वास फेर्न पाएको देखिएन। त्यसपछि नेपालका दुई–चारजना बाठा–टाँठाहरुले वहुदलिय ब्यवस्था घोषणा गर्न लगाएर बिभिन्न दलहरु खोलेर आफ्नै नातेदारको भलाई हुने काम गरेर आलोपालो मन्त्री मण्डलमा आफ्नै नातेदार लाई बनाउने, विदेशमा राजदूत नियुक्त गरेर पठाउने र अकुत सम्पत्ति कमाउने काम गरियो। राज्य सत्तामा सधैंभरी आफ्नै नातेदार मात्र चुनाव जितेर आउन सक्ने, मनोनित गरेर ल्याउन सकिने संविधान बनाएर ब्रहमलुट गर्ने गरियो।

त्यो ब्यवस्थामा सन्तुष्ट नभएका दुई–चार जना स्वार्थी ब्यक्तिहरुले विदेशीहरुको सहयोग लिएर दशबर्षे जनयुद्ध माओवादीको नामबाट शुरु गरेर अनाहकमा सोझा जनताहरुलाई मारेर देशभर अशान्ति फैलाएर चन्दा आतंक मच्चाएर अकुत सम्पत्ति जम्मा गर्न गाउँका ठालुहरु, सामन्तहरु बैंकबाट लुटेर ल्याएको रकम आफन्तहरुका नामबाट विदेश र स्वदेशका बैंकहरुमा थुपारेर जनयुद्ध रोकिएपछि सो रकमबाट देशका ठूला शहर हरुमा होटेलहरु खोलेर जग्गा–जमिनको कारोबार गरेर आफूमात्र सम्पन्नशाली भएको देखियो।

सत्र हजारभन्दा बढीको ज्यान लिएर ल्याएको नयाँ ब्यवस्थाले पनि लोकतान्त्रिक गणतन्त्र ल्याएको नयाँ संविधान दुईपटक म्याद थपेर पनि विदेशीहरुको सहयोगमा उनिहरुकै इच्छाअनुसारको संविधान तयार गरेर देशले थाम्न नसक्ने संख्यामा संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकार मा बढि नेताहरुको पद कायम गरी सबैलाई तलब–भत्ता सुविधा दिनगरी संविधानमा नभएको ब्यवस्था समानुपातिक भोटको आधारमा आफ्ना श्रीमति–आफन्तहरुलाई जसरी पनि सत्तामा प्रवेश गराउने संविधान मा नयाँ ब्यवस्था गराएर जनताको खुन पसिनामा रमाउने ब्यवस्था कायम गरिएको छ।

वर्तमान ब्यवस्थामा देशमा आउने विदेशी सहयोग ऋणले मात्र शासन सत्ता चलाउन पुग्ने रकमको अभावका कारण विदेशीहरुसंग ऋण नमागी नहुने देखिएको छ। नेताहरुलाई चाहिने सुविधाका लागि चाहिएका सवारी साधन, कम्प्युटर, अन्य साधनहरु सम्पन्न गराउनलाई मात्र नेताहरु चिन्तित एमसीसी जस्तो विदेशी परियोजना आएमा केहि दिनलाई राहत हुन सक्छकी भन्ने आशाले सबै दलका नेताहरुले चाहेका भएपनि नेपाली जनताहरुले गरेको विरोधका डरले मुखले

(बाँकी पृष्ठ ५ मा....)

## लोक कल्याणकारी सन्देश




## कोरोना भाइरस रोगको मुख्य लक्षणहरू




**इलुमिनेट नेपाल मिडिया सेन्टर**
**(Illuminate Nepal Media Center)**
नेपालगन्ज उपमहानगरपालिका – १० सोफियाटोल, बाँकेद्वारा
जनहितमा जारी सन्देश
(सम्पर्क नंबर : ०८१-५२४९७२)

# धारावाहिक जीवन दर्शन

## येशूको रुप परिवर्तन

२८. यीं कुराको प्रायः आठ दिनपछि पत्रुस, यूहन्ना र याकूबलाई आफूसित लिएर प्रार्थना गर्नलाई उहाँ पहाडमाथि उक्लनु भयो । २९. उहाँले प्रार्थना गरिरहनुहुँदा उहाँको मुहारको रूप बद्लियो, र उहाँको वस्त्र बिजुली चम्केको जस्तो उज्ज्वल भयो। ३०. अनि उहाँसँग दुई जना मानिस बातचित गरिरहेका थिए, उनीहरू मोशा र एलिया थिए।

३१. उनीहरू महिमित रूपमा देखा परी येशूका मृत्युको विषयमा बातचित गरिरहेका थिए। यो कुरा उहाँले यरूशलेम मा पूरा गर्नुपर्ने थियो । ३२. अब पत्रुस र तिनीसंग हुनेहरू निद्राले लट्ठ भएका थिए । तर ब्यूँझेपछि तिनीहरूले उहाँको महिमा र उहाँसँग उभिएका ती दुई जना मानिसलाई देखे। ३३. तब तीं दुई मानिसहरू उहाँसँग बिदा भएर जान लाग्दा पत्रुसले येशूलाई भने, "गुरुज्यू, हामीलाई यहीं बस्नु असल रहेछ । हामी तीनवटा वासस्थान बनाऔं–एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" आफूले बोलेका कुराको तिनलाई ख्यालै थिएन।

३४. तिनी यी कुरा बोल्दाबोल्दै एउटा बादल आएर उहाँहरूलाई छोप्यो, र उहाँहरू बादलभित्र पस्न लाग्दा तिनीहरू भयभीत भए । ३५. अनि बादलबाट यसो भन्ने एउटा आवाज निस्क्यो, "यिनी मेरा पुत्र हुन्, जसलाई मैले छानेको हुँ । यिनको वचन सुन ।"

३६. यो शब्द भएपछि येशू त्यहाँ एक्लै हुनुभयो । तिनीहरू चूपचाप रहे, र तिनीहरूले देखेका कुराहरू तीं दिनमा कसैलाई भनेनन्। ३७. भोलिपल्ट जब येशू र ती चेलाहरू पहाडबाट ओर्लनुभयो, एउटा ठूलो भींड उहाँलाई भेट्न आयो । ३८. भींडबाट एकजना मानिसले कराएर भन्यो, "गुरुज्यू, म तपाईंसंग बिन्ती गर्दछु, मेरो छोरामाथि कृपा–दृष्टि गर्नुहोस्। किनकि त्यो मेरो एकमात्र छोरा हो। ३९. हेर्नुहोस्, एउटा दुष्टात्माले त्यसलाई पक्रन्छ, र त्यो अचानक चिच्च्याउँछ, र त्यसलाई ऐंठाउँछ र त्यसले फींज काढ्न लाग्छ। त्यसलाई



लछारपछार पारेर बल्लबल्ल छोड्छ । ४०. त्यस दुष्टात्मालाई निकालिदेऊन् भनेर मैले तपाईंका चेलाहरूसंग बिन्ती गरें, तर तिनीहरूले सकेनन्।" ४१. तब येशूले जवाफ दिनुभयो, *"ए अविश्वासी र हठी पुस्ता, म कहिलेसम्म तिमीहरूसँग रहूँला, र तिमीहरूलाई कतिसम्म सहूँ ? तिम्रो छोरालाई यहाँ ल्याऊ।"*

४२. तर त्यो आउँदाआउँदै भूतात्माले त्यसलाई पछारिहाल्यो, र ऐंठ्न लाग्यो। तर येशूले त्यस अशुद्ध आत्मालाई हकार्नुभयो, र त्यस बालकलाई निको पारेर त्यसका बाबुलाई सुम्पिदिनुभयो । ४३. परमेश्वरको महानता देखेर तिनीहरू सबै छक्क परे। येशूले गर्नुभएको प्रत्येक काममा सबै जना छक्क परेका देखेर, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, *४४."यी कुरा तिमीहरूका कानमा गडून्, किनभने मानिसको पुत्र मान्छेहरूका हातमा पक्राउ पर्न आँटेको छ।"*

४५. तर तिनीहरूले यो कुरा बुझेनन्। किनकि यो तिनीहरूले नबुझून् भनेर तिनीहरू बाट गुप्त राखिएको थियो । तिनीहरू यस विषयमा उहाँलाई सोध्न डराउँथे। ४६. त्यस बेला तिनीहरूमध्ये ठूलो को हो भन्ने विषयमा आपसमा बहस चल्यो । ४७. तर येशूले तिनीहरूका मनको विचार थाहा पाएर एउटा बालकलाई लिई आफ्नो छेउमा राख्नुभयो, ४८. र तिनीहरूलाई भन्नु भयो, *"जसले मेरो नाउँमा यस बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ, त्यसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ। किनभने तिमीहरू सबैमध्ये जो सबैभन्दा सानो छ, त्यही ठूलो हुन्छ।"*

४९. तब यूहन्नाले भने, "गुरुज्यू, एक जनाले तपाईंको नाउँमा भूतहरू निकालि रहेको हामीले देख्यौं, र हामीले त्यसलाई मनाही गर्यौं । किनकि त्यसले हामीहरूसँग तपाईंको अनुसरण गर्दैन।" ५०. तर येशूले तिनलाई भन्नुभयो, *"तिनलाई मनाही नगर। किनभने जो तिम्रो विरुद्धमा छैन, त्यो तिम्रो पक्षमा हुन्छ।"* ५१. उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो। ५२. अनि उहाँले समाचार लाने मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो। तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे। ५३. तर यरूशलेमतिर जाने उहाँको दृढ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन्। ५४. तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं ?"

५५. तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। ५६. अनि उहाँहरू अर्को गाउँ तिर जानुभयो। ५७. उहाँहरू बाटोमा जाँदै गर्नुहुँदा, एक जना मानिसले उहाँलाई भन्यो, "हे प्रभु, तपाईं जता जानुहुन्छ म तपाईंको पछि लाग्नेछु।" ५८. तब येशूले त्यसलाई भन्नुभयो, *"स्यालका दुला छन्, र आकाशका चरा चुरुङ्गीहरूका गुँड, तर मानिसको पुत्रको त शिर राख्ने ठाउँ पनि छैन।"* ५९. उहाँले अर्कोलाई भन्नुभयो, *"मेरो पछि लाग।"* तर त्यसले भन्यो, "पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस्।" ६०. उहाँले त्यसलाई भन्नुभयो, *"मुर्दाहरूलाई आफ्नै मुर्दा गाड्न देओ, तर तिमी गएर परमेश्वरका राज्यको सुसमाचार प्रचार गर।"* ६१. अर्काले पनि भन्यो, "प्रभु, म तपाईंको पछि लाग्नेछु, तर पहिले आफ्नो घरमा हुनेहरूबाट मलाई बिदा लिन दिनु होस्।" ६२. तर येशूले त्यसलाई भन्नुभयो, *"आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरका राज्यको योग्यको हुँदैन।"*

*(स्रोत :- पवित्र धर्मशास्त्र बाइबल, (लुका ९ : २८ - २७)*

## ब्याख्यात्मक ...

औपचारिक समझदारी बनेको थियो । एमसीसीको व्याख्यात्मक प्रस्ताव अर्थमन्त्री जनार्दन शर्मा प्रभाकर, सञ्चारमन्त्री ज्ञानेन्द्र बहादुर कार्की, कांग्रेस महामन्त्री गगन कुमार थापा र कानुनविद् गोविन्द बन्दीले तयार गरेका थिए । अर्थमन्त्री शर्माले सदनमा प्रस्तुत गरेका थिए । एमसीसी अनुमोदनलाई अमेरिकाले स्वागत गरेको छ।

आइतबार नै नेपालस्थित अमेरिकी दुतावासले "५० करोड अमेरिकी डलर को एमसीसीको कम्प्याक्टलाई अनुमोदन गर्ने वा नगर्ने भन्ने निर्णय सार्वभौम लोकतान्त्रिक राष्ट्रका रुपमा सधैं नेपाल सरकारको हातमा थियो । हस्ताक्षरित प्रतिबद्धतालाई पुरा गर्दै एमसीसी कम्प्याक्ट लाई अनुमोदन गर्ने संसदको आजको बैठकको निर्णयका कारण नेपाली जनताका लागि थप रोजगारी सिर्जना हुनेछ । विद्युत सेवाको आपूर्तिमा बृद्धि हुनेछ र ढुवानीको खर्च घट्नेछ" भनिएको छ ।

सन् २००४ मा अमेरिकी संसदले विकास शील देशहरुलाई ठूला पूर्वाधार आयोजना निर्माण गर्न साझेदारी गर्ने लक्ष्यका साथ एमसीसी परियोजना स्थापना गरेको थियो । परियोजनाले विश्वभर नै गरिबी निवारणमा मद्दत गरेको छ ।

यसअघि एमसीसी परियोजना विश्वका ४९ देशमा लागु भइसकेको छ। नेपालमा भने ५ माघ २०६८ मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई नेतृत्वको सरकारले नेपाल एमसीसी सहायताका लागि थ्रेसहोल्ड कार्यक्रमबाट छनोट भएको थियो। सन् २०१४ मा एमसीसीबाट अनुदान पाउने मुलुकको रुपमा नेपाल छनोट भएको थियो भने सन् २०१७ मा नेपाल सरकार र अमेरिकी सरकारबीच एमसीसीमा हस्ताक्षर भएको थियो। ५ वैशाख २०७५ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एमसीए–नेपाल गठन गरेर काम थालिए पनि संसदबाट अनुमोदन हुन सकेको थिएन ।

एमसीसी परियोजनामार्फत अमेरिकाले दिने ५० करोड अमेरिकी डलरमा ३९.८२ करोड विद्युत ट्रान्समिसन लाइन आयोजना, ५.२३ करोड सडक सुधार आयोजना, ४ करोड कार्यक्रम सहायता र ९५ लाख अनुगमन र मुल्यांकनमा खर्च हुनेछ। यो परियोजनामा नेपाल सरकारको तर्फबाट पनि १३० मिलियन अमेरिकी डलर (१४ अर्ब) विजियोजन गर्नुपर्ने व्यवस्था छ ।

काठमाडौंको लप्सीफेदीदेखि रातमाटे, रातमाटेदेखि हेटौंडा, रातमाटेदेखि दमौली, दमौलीदेखि बुटवलहुँदै भारतीय सीमा (गोरखपुर) सम्मको ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन तथा सडक मर्मत सम्भार सम्बन्धी परियोजनाको सञ्चालन हुनेछ ।

यस परियोजनाले नेपाललाई प्राविधिक सहयोग प्रदान गरी ३०५ किलोमिटर सडक मर्मतमा सहयोग पुग्नेछ ।

# कविता/भावना

## अरुको भएर के भो त ?



तिमी अरुको भएर के भो त तिम्रो माया
मेरो अन्तिम सास रहुन्जेल हुनेछ ॥
मान्छे जतिसुकै बिजि किन न होस् तर
मन परेको मायालाई सम्झिएकै हुन्छ ॥
यदि साँच्चै माया गरेको हो भने सङ्गै हुनुपर्दैन रैछ आफुसङ्ग
नभए नी कुनैपनि बेलाको याद नै काफी हुन्छ ॥
कहिलेकाहीं त साँच्चै दिक्क लागेर आउँछ तर
तिमी सङ्ग होइन भाग्य लेख्ने विधाता सङ्ग ॥
हुन त तिमिलाई माया गरिराखेर दुःखी हुन त
मलाई पनि मन छैन, तर के गर्नु चोखो माया
गरेको थिएँ, त्यसैले भुल्न सकेको छैन ॥
के गर्नु हाम्रो प्रेम पनि कस्तो है न संगै
जान सकियो न मनबाट फाल्न सकिन्छ ॥
लाग्छ कहिलेकाहीं सबैलाई माया गर्ने भगवानको
मन पनि ढुंगा जस्तै निष्ठुरी हुने रैछ ॥
जतनगरी मनको डोरीले बाँधिएको मायालाई
नि चटक्कै चुटाएर लाँदो रहेछ ॥

*तारा रोकाया*
*नेपालगन्ज, बाँके*


के तपाईंको ठाउँमा

*कुनै सार्वजनिक कार्यक्रम, सभा-समारोह, सार्वजनिक सुनुवाई, तालिम-गोष्ठि, छलफल अन्तरक्रिया भईरहेको छ ?*




छ भने हामीलाई सर्म्पक गर्नुहोस् । तपाईंको उद्धेश्य पुरा गर्नलाई हामी पनि साझेदार बनी रेडियो

**मर्निङ्ग स्टार ९० मेगाहर्जमा प्रत्यक्ष (लाइभ) जोड्ने छौं ।**

सर्म्पक फोन नम्बर : ०८१-५२६९९५, ०८१-५२०१५२
इमेल : radioms90@gmail.com

## *विश्व समाचार/बाँकी अंश...*

# युक्रेन-रुस तनावः रुसी राष्ट्रपति भ्लादिमिर पुटिन कसको कुरा सुन्छन् ?






***पोल कोर्बी***

***२६ फर्वरी, बीबीसी न्यूज***

विगत केही सातामा रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले केही महत्वपूर्ण निर्णयहरू लिए जसको प्रभाव युक्रेन र रुसमा मात्र नभई समस्त विश्वमा नै पर्न सक्छ। यीं निर्णयहरू लिनुपूर्व उनले कोसंग परामर्श गरे ? के केही विश्लेषकहरूले भने जस्तै मस्कोले देखाएको सैन्यवाद र आक्रामक बोली "सिलोभिकी" भनिने मन्त्री र सुरक्षा निकायका प्रमुखहरूको शक्तिशाली प्रभावको नतिजा हो त ?

रुसलाई एक शक्तिशाली राष्ट्रपतीय गणतन्त्रको रूपमा लिन सकिन्छ। किनकि र ाष्ट्रपति भ्लादिमिर पुटिनको हातमा अधिकांश शक्ति निहित छ र अन्ततः देश कसरी चलाउने भन्ने सबै महत्वपूर्ण निर्णयहरू उनले व्यक्तिगत रूपमै लिन्छन्। शक्तिको यति फराकिलो दायरा हुँदाहुँदै पनि उनले आफ्ना केही निकटस्थहरूसंग भने परामर्श गर्छन्। विशेषतः त्यस्ता व्यक्तिहरू जोसंग उनको लामो संगत छ र उनीहरू माथि अधिक विश्वास गर्छन्। तींमध्ये प्रायः सुरक्षा निकायको पृष्ठभूमि र बलियो धारणा भएका अधिकारीहरू पर्छन्।

***रुसले युक्रेनमा किन आक्रमण गऱ्यो, पुटिन के चाहन्छन् ?***

रुसमा धेरै सुरक्षा र कानुन बनाउने निकायहरू छन् जसलाई "सिलोभिकी" (रुसी भाषामा 'सिला' को अर्थ बल हुन्छ) भनिन्छ। भ्लादिमिर पुटिन आफैंले तीमध्येको "केजीबी" भनिने गुप्तचर निकायबाट आफ्नो पेसागत यात्रा सुरु गरेका थिए। केजीबी सोभियत पतनपछि रुसी संघीय सुरक्षा सेवा (एफएसबी) बन्यो। पुटिन सत्तामा आएदेखि "सिलोभिकी" को प्रभाव बढ्दै गएको छ। रुसले चार करोड ४० लाख जनसंख्या भएको युरोपेली लोकतान्त्रिक मुलुक युक्रेनमाथि जल, थल र आकाश तीनैतिरबाट विध्वंशक आक्रमण गरेको छ। महिनौंसम्म राष्ट्रपति भ्लादिमिर पुटिनले उक्त छिमेकीमाथि आक्रमण गर्न लागेको कुरालाई अस्वीकार गरेका थिए। तर उनले युक्रेनको उत्तर, पूर्व र दक्षिणी सीमापारि सेना पठाउँदै शान्ति सम्झौता भङ्ग गरे। मृतकको संख्या बढ्दै जाँदा उनीमाथि युरोपमा शान्ति भङ्ग गरेको आरोप लागेको छ र अब त्यसले महादेशको सम्पूर्ण सुरक्षा संरचनालाई खतरामा पार्न सक्छ।

***रुसी सेनाले कहाँ र किन आक्रमण गरे ?***

किएभस्थित बोरिस्पेल अन्तर्राष्ट्रिय विमानस्थलसहित युक्रेनका सहरनजिकै अवस्थित विमानस्थल र सैन्य मुख्यालयमा सबैभन्दा पहिले आक्रमण भयो। त्यसपछि ट्यांक र सैनिकहरू पूर्वोत्तर युक्रेनभरि प्रवेश गरे। उनीहरू पूर्वी लुहयान्स्कनजिकै रहेको १४ लाख जनसंख्या भएको खार्कीभ सहरमा छिमेकी बेलारुसबाट प्रवेश गरे भने दक्षिणतर्फ क्राइमियाबाट प्रवेश गरे।

प्यारासूटको सहाराले झर्ने सैनिकहरूको समूहले किएभ नजिकैको एउटा प्रमुख हवाई शिविर कब्जा गरे। रुसी सैनिकहरू युक्रेनका ठूला बन्दरगाह सहर हरू ओडेसा र मारिऊपोलमा पनि अवतरण गरे।

आक्रमण सुरु हुनु केहीअघि राष्ट्रपति पुटिनले टेलिभिजनमा सम्बोधन गरे। त्यस क्रममा उनले आधुनिक युक्रेनबाट लगातार भइरहेको खतराका कारण रुसले "सुरक्षित, विकसित र अस्तित्वमा रहेको" महसुस गर्न नसकिरहेको बताए। उनका धेरै तर्क मिथ्या वा असंगत थिए। उनले आफ्नो लक्ष्य "दुर्व्यवहार र नरसंहारको सिकार भएका मानिसहरूलाई बचाउनु" रहेको दाबी गरेका थिए। पुटिनका भनाइमा उनी युक्रेनको "असैनिकीकरण र गैर-नात्सीकरण" गर्न चाहन्छन्।

युक्रेनमा कुनै नरसंहार भएको छैन। यो एउटा जीवन्त लोकतन्त्र हो र त्यहाँ निर्वाचित यहुदी राष्ट्रपतिले देशको नेतृत्व गर्छन्। "म कसरी नात्सी हुनसक्छु," युक्रेनी राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीले भने। अँझ उनले त रुसी आक्रमणलाई दोस्रो विश्वयुद्धका बेला नात्सी जर्मनीको आक्रमणसंग तुलना गरेका छन्। राष्ट्रपति पुटिनले युक्रेनलाई चरम पन्थीहरूले कब्जा गरेको आरोप लगाउँदै आएका छन्। सन् २०१४ मा रुस समर्थक राष्ट्रपति भिक्टर यानुकोभिच लाई महिनौंको विरोध प्रदर्शनबाट हटाएपछि पुटिनले यस्तो आरोप लगाएका हुन्। त्यसपछि रुसले दक्षिणी क्षेत्र क्राइमिया कब्जा गरेर र पूर्वमा पृथकतावादीहरू लाई समर्थन गर्दै विद्रोह सुरु गराएर त्यसको बदला लियो। उक्त लडाईंमा १४ हजारको ज्यान गइसकेको छ।

***युक्रेनमाथि रुसी आक्रमण, अहिलेसम्म के के भयो ?***

सन् २०२१ को अन्त्यतिर राष्ट्रपति पुटिनले युक्रेनी सीमा क्षेत्रमा ठूलो मात्रामा सेनाहरू तैनाथ गर्न थाले। अनि यसै साता उनले सन् २०१५ मा पूर्वी क्षेत्रका लागि भएको एउटा शान्ति सम्झौतालाई अन्त्य गर्दै विद्रोहीहरूको नियन्त्रणमा रहेका क्षेत्रहरूलाई स्वतन्त्र मुलुक हरूको मान्यता दिए। रुसले लामो समयदेखि युरोपेली संघ र पश्चिमी देशहरूको र क्षात्मक सैन्य गठबन्धन नेटोतर्फ युक्रेनले बढाएको कदमको विरोध गर्दै आएको छ। आक्रमणको घोषणा गर्दै पुटिनले नेटोलाई "राष्ट्रको रूपमा आफ्नो ऐतिहासिक भविष्य" लाई धम्की दिएको आरोप लगाएका छन्।

***रुस कतिसम्म अघि जान सक्छ?***

रुसले युक्रेनको प्रजातान्त्रिक रूपमा निर्वाचित सरकारलाई हटाउन खोजेको भन्ने कुरालाई अस्वीकार गरेको छ। तर उसले युक्रेनलाई "नात्सीहरूबाट मुक्त गर्नुपर्छ" भन्नेमा विश्वास गर्छ। पुटिनले "नागरिक विरुद्ध रक्तपातपूर्ण अपराध गर्नेलाई" अदालतमा उपस्थित गराउने कुरा पनि गर्ने गर्छन्।

युक्रेनमा सेना परिचालनको आदेश, १८ देखि ६० वर्षका पुरुषले देश छाड्न नपाउने आक्रमण अघिका दिनहरूमा दुई लाख सैनिकहरू युक्रेनको सिमानाको पहुँच भित्र रहेका बेला उनले आफ्नो ध्यान पूर्वी क्षेत्रमा केन्द्रित गरेका थिए।

## नेपालमा ...

प्रकाशित गरेको केही जानकारी मुलक पुस्तिका विवरण अनुसार घोडा, खच्चर को हेरचाह गर्ने ब्यक्ति, घोडा ब्यापारी, तबेलामा काम गर्ने कामदार, घोड-सवार, टाँगा चालक, पशु स्वास्थ्यकर्मी, प्रयोगशालामा काम गर्ने प्राविधिक लगायत यो रोगको उच्च जोखिममा रहेका छन्।

खच्चर, गधामा यो रोग लागे उच्च ज्वरो आउने, नाकबाट सिंगान, आँखाबाट कचेरा निस्कने, सास फेर्न कठिनाई हुने र शरीरमा जीवाणुको अत्याधिक बृद्धि भई मृत्यु समेत हुन सक्छ। यस्तै घोडामा रोगको संक्रमण फैलिए ज्वरो बिराएर आइरहने, खोकी लाग्ने, श्वास-प्रश्वासमा कठिनाई हुने, नाकबाट बाक्लो सिंगान बगिरहने, रोगी पशु जिङग्रिङ्ग देखिने र दुब्लाउदै जाने, पछाडिको खुट्टाको मध्य जोर्नी सम्म सुन्निने, छाती, घाँटी र पछाडिको फिलामा गाँठागुँठी, गिर्खा तथा घाउहरु देखिने, छालामा गिर्खाहरु देखिने र क्रमशः निको हुँदै तारा आकारको डाम बस्ने, गिर्खा फुट्दा संक्रामक पाकेको, पहेंलो/सेतो पिप निस्कने लगायतका लक्षणहरु देखिने गर्छन्।

यसैगरी मान्छेमा संक्रमण भए, ज्वरो आउने, काप्ने, पसिना आउने, टाउको दुख्ने, छाती दुख्ने, मांसपेशी दुख्ने तथा कडा हुने, नाकबाट पानी बग्ने, उज्यालोमा हेर्न गाह्रो भई आँखाबाट आँसु झर्ने, संक्रमण हुने माध्यम अनुसार उच्च ज्वरो आउने, नाक तथा मुख वरिपरी घाउ हुने, लसीका ग्रन्थिहरु सुन्निने, छालामा फोकाहरु उठ्ने, निमोनिया हुने र कहिलेकाहीं मृत्यु समेत हुन सक्ने हुन्छ।

पशुहरुको लसपस, दानीपानी, भाँडाकुँडा, प्रदुषित खानेपानी ठाउँ, सामुहिक चरन क्षेत्र, कुपोषित वा कमजोर ब्यवस्थापनमा पालिएका जनावरबाट यो रोग पशुहरुमै सर्छ भने रोगी पशु, तिनबाट दुषित बस्तुहरुको सर्म्पक, रोगी पशुहरुको स्याहार सुसार, उपचार, हेरचाहबाट यो रोग मान्छेमा सर्ने गर्दछ।

पशुहरुमा यस रोग विरुद्ध सामान्यता उपचार गर्न सिफारिस गरिँदैन। किनकी संक्रमण मान्छे र अन्य जनावरमा समेत फैलिन सक्ने भएकाले संक्रमित पशुलाई मानवीय तरवरले नष्ट गर्नुपर्ने हुन्छ। तर मानिसमा रगत, थुक, पिसाव वा छालाको घाउको नमूना कल्चर गरी बुर्खोल्डेरिया म्यालाईको पहिचान गरेर, एग्लुटिनेशन परीक्षण गरेर, कम्प्लिमेन्ट फिक्सेशनको टेष्ट विधिबाट (विश्वस्त परीक्षण विधि), छातीको एक्सरे, दुबै फोक्सोमा निमोनिया, घाउ तथा गिर्खागिर्खीको पहिचान गरेर उपचार परामर्श सल्लाह दिईन्छ।

यसमा स्ट्राङ्गल्स, लसिका ग्रन्थिको सुजन, बिफर, क्षयरोग र सिउडो क्षयरोग छुट्टाउनुपर्ने हुन्छ। पशु कल्याणको क्षेत्रमा क्रियाशिल एनिमल नेपाल (नेपालगंज) का वरिष्ठ पशु चिकित्सक अतिश कुमार यादवले भने, "हामीले ग्ल्यान्डर्स फेला पारेपछि नेपाल सरकार, प्रत्येक जिल्लाको पशु बिज्ञ केन्द्रहरुलाई सूचित गरिसकेका छौं, कसरी हुन्छ, यसको उन्मुलन तर्फ जानु पर्छ।

कतिपय रोगहरु जनावरबाट मान्छेमा सर्छ। समुदायमा स्वस्थ जनावर छ भने मान्छेहरु पनि स्वस्थ हुन्छन्, जब सम्म जनावर स्वस्थ हुदैन, तब सम्म मान्छेहरु स्वस्थ छु भनेर भन्न मिल्दैन। त्यही भएर वान हेल्थ (एक स्वास्थ्य) को अवधारणा नै स्वस्थ जनावर, स्वस्थ मानिस र स्वस्थ वातावरण हो, अनि मात्र तपाई, हामी आफुलाई सुरक्षित महसुस गर्न सक्छौं।"

ग्ल्यान्डर्स रोग नियन्त्रणका लागि घोडा, खच्चर पालक ब्यक्ति, ईट्टा भट्टामा काम गर्ने कामदार, ढुवानी कर्ता, सम्बन्धित स्थानीय प्रशासन लगायत अन्य सरोकार वाला विभिन्न निकायको महत्वपूर्ण भूमिका हुने विज्ञहरुको भनाई छ। विज्ञहरु भन्छन्, "वान हेल्थको कन्सेप्टलाई पूर्ण रुपमा कार्यान्वयन नगरी सुखै छैन।" घर पालुवा वा जङ्गली पशु चौपाय रोगी भए, समुदायका मानिसहरुमा पनि रोग सर्ने र रोगका कारण मानिसहरु बिरामी भई वातावरण दुर्गन्धित हुने विज्ञहरुको तर्क छ।

## भित्र-भित्र ...

विरोध गरेजस्तो गरेपनि मनमनमा सबैले "भित्र-भित्र गलिजा, बाहिर-बाहिर भलिजा" भन्ने उखान झैं देशभित्र-भित्र जता गएपनि जाला, बाहिर भने देशभक्त जस्ता बनेर देशमा सो रकम आएमा देशमा सबै विकास हुन्छ, देशवासी सुखी हुन्छन् भनेर भाषण गर्दै हिंड्न कर लागेझैं गरेका छन्। नेपाली जनताका लागि कुनैपनि दलले अहिलेसम्म केहि सोचेका पनि छैनन्। सबै दलका नेताहरुले आफू र आफ्ना दलका कार्यकर्ताहरुलाई जसरी भएपनि चुनावमा जिताउने प्रक्रिया कसरी मिलाउने भन्ने कुरा मात्र सोचिरहेका छन् भन्ने कुरा सर्वत्र जाहेर भएको छ। देशमा अमेरिकी सरकारले दिने सहयोग एमसीसी परियोजनाबाट के कति कसलाई सहयोग हुन्छ भन्ने कुरा न त नेपाली कांग्रेसका नेता देउवाले नै जनतालाई भनेका छन्, न त प्रतिपक्षमा बसेका ओलीले नै केही भनेका छन्। न अन्य दलका कुनै नेताले जनतासामु केही बोलेका छन् ?

"कागलाई बेल पाक्यो हर्ष न बिस्मात्" भनेझैं नेपाली जनतालाई जे परियोजना, योजना ल्याएपनि के फाइदा छ त ? जनताले जे जति कराएपनि कोही कसैले सुनेनन्। जनताले कराउनु र नकराउनुमा केही फाइदा देखिएन। लोकतन्त्र, गणतन्त्र नाम मात्रको देखिएको छ। नेपालका ठूला दलका नेताहरु लाई कुन देशले के का लागि कसरी चलाएको रहेछ भन्ने कुरा सचेत नेपालीहरुले अन्ततः छर्लङ्गै बुझे। दुई-चारजना नेताहरुलाई पहिले नै खरिद गरेर यो एमसीसी नामक परि योजनाका बिषयमा सम्झौता गरेर एक दुइजना ब्यक्तिलाई सहिछाप गराएर आफ्नो स्वार्थ पुरा गर्ने काम गरिसकिएको रहेछ।

अहिले आएर अमेरिकाको दबाव पछि एमसीसी परियोजनाको सम्झौतालाई संसद बाट पारित गराउन नेताहरुले अमेरिकाका सामु घुँडा टेकेरै छाडे। नेपाली जनताहरुले संसद बाहिर जति कराए, उफ्रेपनि केही काम लागेन। नेपालका नेताहरुका मनमा "भित्रभित्र गलिजा, बाहिरबाहिर भलिजा" भन्नु सिवाय अरु केही उपाय रहेन।

# नेपालमा ग्ल्यान्डर्स नामक हर्स डिजिज फेला, मान्छेमा पनि सर्ने उच्च जोखिम

*प्रेम विश्वकर्मा*
*बाँके*


विश्वब्यापीरुपमा एक स्वास्थ्य अवधारणाको बहस चलिरहेकै बेला पशु कल्याणको क्षेत्रमा क्रियाशिल अनुसन्धानकर्तालाई सफलता हात परेको छ। लामो समयको अनुसन्धानबाट हाल सम्म कुनै पनि उपचार, खोप विकास नभएको ग्ल्यान्डर्स नामक हर्स डिजिज पत्ता लागेपछि पशु र मानवीय रुपमा हुनसक्ने सम्भावित क्षतिलाई कम गर्न मद्दत पुग्ने विश्वास लिईएको छ।

लामो समयको अनुसन्धान पछि नेपालमा ग्ल्यान्डर्स नामक एउटा रोग (हर्स डिजिज) फेला परेको छ। ग्ल्यान्डर्स रोग घोडा, खच्चर र गधा लगायतका अश्व प्रजातिमा बुर्खोल्डेरिया म्यालाई नामक जीवाणुबाट लाग्ने र मान्छेमा समेत सर्न सक्ने (जुनोटिक) रोग भएको अनुसन्धानकर्ता, बिज्ञहरुले बताएका छन्। पशु कल्याणको क्षेत्रमा क्रियाशिल एनिमल नेपाल (नेपालगन्ज) का वरिष्ठ पशु चिकित्सक अतिश कुमार यादवले भने, "यसको अनुसन्धान सन् २०१४ देखि अनुसन्धान शुरु भएको थियो, र २०२१ को अप्रिल महिनामा आइपुग्दा ग्ल्यान्डर्स रोग रहेको पुष्टि भयो। यस रोगका सम्बन्धमा थप अनुसन्धान अहिले चलिरहेको छ, नेपाल सरकारले पनि यस रोगका बारेमा धेरै चासो दिएको छ।" वरिष्ठ पशु चिकित्सक अतिश कुमार यादवका अनुसार यो अनुसन्धानलाई



घाँटीको छालामा देखिएका घाउहरु
*(फोटो सौजन्य : एनिमल नेपाल)*





छालामा र चिउँडोमुनि देखिएका गिर्खाहरु
*(फोटो सौजन्य : डा. कृष्णराज पाण्डे)*

वर्ल्ड अर्गनाइजेशन फर एनिमल हेल्थले पनि मान्यता दिइसकेको छ। बाँके जिल्ला वरपरका क्षेत्रमा यो रोग संक्रमणको स्थिती बारे भने, यादवले केही खुलाएनन्, मात्र यति भने, "संक्रमण छ, कहाँ कति छ ? क्षति कति भएको छ ? भनेर विस्तृत अनुसन्धान हुँदैछ।"

कुनै प्रभावकारी उपचार र खोपको विकास नभएको ग्ल्यान्डर्स रोग एक पशुबाट अर्को पशुमा सजिलै छिटो सर्ने भएकाले घोडा, खच्चर, गधा लगायत अश्व प्रजातिमा आश्रित ब्यक्तिहरुले ठूलो आर्थिक क्षति ब्यवहोर्नुपर्ने स्थिती हुन सक्ने आंकलन गरिएको छ। ग्ल्यान्डर्स रोगबारे सचेतना जगाउन र प्रचार प्रसार गर्न पशु सेवा विभागले एफ.ए.ओ.को प्राविधिक सहयोग, एनिमल नेपाल संगको सौजन्यमा

*(बाँकी पृष्ठ ५ मा)*



*चिकित्सक अतिश यादव*

**मानविय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो। सानो असावधानीले पनि महामारी को रुप लिन सक्दछ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरुवा रोग कसेका लागि ज्यान लिने कारण बन्न सक्दछ। त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं।**




*नेपाल सरकार,*
*विज्ञापन बोर्ड*




*कतै बिरानो मुलुकमा बेचिन पुगिएला ? सचेत बनेर जोगिनुहोस् है।*

चेलीबेटीको फोटो खाडी मुलुक पठाएर
मोलमोलाई गर्छन् दलालहरु




सार्बजनिक हितका लागि :

शुभ सन्देश सभा नेटवर्क नेपाल (ज्ञान नेपाल) Gospel Assembly Network Nepal "GAN Nepal"
GAN-NEPAL
नेपालगन्ज उपमहानगरपालिका - १०, सोफियाटोल, बाँके